स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता अनमोल केसीले २०८० सालभित्र आफूले काम गर्ने कुनै फिल्म पनि रिलिज नहुने बताएका छन् । उनले २०८१ सालमा मात्र आफू अभिनित फिल्म दर्शकमाझ प्रदर्शन हुने जानकारी दिए । उनले भने, 'यस वर्ष फिल्म सुटिङको काम हुने भए पनि रिलिज हुनेछैन । अर्को वर्ष मात्र फिल्म रिलिजको तयारी छ । दर्शकले २०८१ मा मात्र मेरा फिल्म हेर्न पाउनुहुनेछ ।' अनमोल अहिले कुनै पनि हतार नगरीकन र समय लिएर मात्र उनी छायांकनमा जाने तयारीमा छन् ।

**आजको विचार...**



उच्च...
(दुई पेजमा)

प्रा. देवीभक्त ढकाल



करिब ५ वर्षपछि निर्देशनमा फर्किन लागेका मुस्कान ढकालले आफ्नो नयाँ फिल्म 'पञ्चामृत'मा कलाकारहरुको लाइनअप बलियो बनाएका छन् । फिल्ममा अभिनेता धिरज मगर र अभिनेत्री आँचल शर्मा अनुबन्ध भएका छन् । फिल्ममा धिरज र आँचलको जोडी बाँधिने जनाइएको छ । उनीहरुले पहिलो पटक एकसाथ काम गर्न लागेका हुन् । दुवैले आगामी भदौबाट फिल्मको छायांकन सुरु गर्नेछन् । यस वर्ष धिरजको 'आई एम ट्वान्टी वान' र आँचलको 'नाइँ नभन्नू ल ६' प्रदर्शन भएको थियो ।

❒ वर्ष २९ ❒ अंक ३ ❒ २०८० साउन ३ गते बुधबार 19 July 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सदरमुकामकै पसलमा अखाद्य वस्तु

# बजार अनुगमन हुन्छ, कारवाही हुँदैन

**रामचन्द्र रायमाझी/कृष्ण पोखरेल**

**पाल्पा,** साउन २/पाल्पाको सदरमुकाम तानसेनका पसलहरुमा बेला-बेलामा मौसमी अनुगमन हुने गर्दछ । हरेक वर्ष दसैं-तिहार र आर्थिक वर्षको सुरुमा बजार अनुगमनले राम्रै प्राथमिकता पाउने गर्दछ । बजार अनुगमन गर्दा गुणस्तरहिन बस्तु नस्ट गरिन्छ । अनि यसको प्रचारप्रसार पनि राम्रै हुन्छ तर, कारवाही भने हुँदैन । अनुगमन टोलीले अनुगमन गर्दा सधैं सुझावमात्रै दिने,कुनै कारवाही नगर्ने कारण मापदण्ड विपरीतका खाद्यवस्तु बिक्री गर्नेको मनोबल झनै बढाउने गर्दछ । यस आर्थिक वर्ष सुरु मै तानसेनका किराना पसलहरुमा अनुगमन गरिएको छ ।

अनुगमनका क्रममा ठूलो परिणाममा अखाद्य वस्तु बरामद गरियो । तानसेनको विशालबजार, पेट्रलपम्प, गौरी शंकर गेष्टहाउस क्षेत्रमा गरिएको बजार अनुगमनको क्रममा ठूलो परिणाममा अखाद्य बस्तुहरु भेटिए । उक्त क्षेत्रको २५ वटा पसलहरुमा अनुगमन गर्दा २० हजार बराबरको अखाद्य बस्तुहरु जफत गरी तानसेन नगरपालिका क्षेत्रमा जलाई नष्ट गरिएको छ । अनुगमन गरिएका क्षेत्र चर्चित डिपाटमेण्टल स्टोरदेखि बाटोघाटो चोक चोकका पसलहरुमा बढी मात्रामा अखाद्य पदार्थहरु भेटिएका हुन् । विस्कुट, किसमिस, पास्ता, टोस्ट, मसला, बेकन, एस आर मैदा, कुरकुरे, पोटाटो चिप्स, जेम्स, सुजी, आचार खाने तिल, मरिच पाउडर, सेनचुरी चिकन मसला, बेसन, बदाम जुस, करेन्ट पोटाटो क्रयाकर, चिल बल्व, मायोनेज, वलिम, बोतल पानी, डाइजेस्टिक विस्कुट, चोको प्लेक्स, चाउमिन सेकुवा मम गरम सब्जी र पानीपुरी मसला, आटा, वियर लगायतका अखाद्य बस्तुहरु रहेको अनुगमन टोलीका संयोजक तथा तानसेन नगरपालिकाका बरिष्ठ कार्यक्रम अधिकृत दुर्गा बहादुर थापाले बताए । ठूलो परिमाणमा अखाद्य वस्तु फेला परे पनि जफत गरी जलाउने काम मात्र भयो । अनुगमन टोलीले उपभोक्ता हित विपरितका क्रियाकलापमा संलग्न रहेका व्यवसायीहरुलाई सम्झाई बुझाई छोडेको छ । सम्झाई बुझाई गरी छोड्दा मापदण्डविपरीतका खाद्यवस्तु बिक्री गर्नेको मनोबल झनै बढ्ने गरेको राप्रपाका नेता देवेन्द्रबहादुर रायमाझीले बताए । उनले भने 'वर्षको एक/दुई पटक बजार अनुगमन हुन्छ तर जतिपटक अनुगमन गरे पनि अनुगमन टोलीले मापदण्डविपरीतका पसलेलाई जहिले पनि सुझावमात्रै दिएर जान्छ, कारवाही कहिले हुँदैन, सचेतमात्रै पार्ने भए अनुगमनको काम छैन। यसले अखाद्यवस्तु बिक्री गर्नेको मनोबल झनै बढाएको छ ।' राज्य पुनर्संरचनापछि बजार अनुगमनको जिम्मा स्थानीय तहलाई दिएको छ । आफ्नो क्षेत्रभित्रको बजार अनुगमनसँगै कारवाही गर्ने अधिकार पनि स्थानीय तहलाई दिएको छ भने जिल्ला भित्रको प्रशासन कार्यालयलाई दिइएको छ । बेला-बेलामा अनुगमन भए पनि कारवाही नहुँदा कालोबजारी गर्नेको मनोबल तथा अखाद्य वस्तुको बिक्री वितरण बढ्ने गरेको छ । अनुगमनको क्रममा भेटिएका अखाद्य वस्तुहरु जफत गर्ने र मुचुल्का गरी जलाउने गर्दै आए पनि अबका दिनमा समान जफतसँगै परिणाम अनुसार दण्ड जरिवाना गर्नेदेखि पक्राउ गरी मुद्दा चलाउने सम्मको कारवाही गरिने तानसेन नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जीवन ज्ञवालीले बताए । नजिकिदै गरेका चाडपर्वलाई लक्षित गरी तथा बर्षातको मौसमलाई मध्यनजर गरी होलसेल पसलहरुले ग्रामीण क्षेत्रमा अत्याधिक मात्रामा अखाद्य बस्तुहरु पठाएको अवस्था हुन सक्ने भएकाले सबै स्थानीयतहलाई बजार अनुगमन गर्न भनिएको जिल्ला प्रशासन कार्यालय पाल्पाकी प्रशासकीय अधिकृत रमा श्रेष्ठ बताइन् ।



### सक्षिप्त समाचार

## च्याउ खाँदा ३ जनाको मृत्यु



**रोल्पा,** साउन २/जंगली च्याउ खाँदा रोल्पामा तीन जनाको मृत्यु भएको छ । गत मंगलबार जंगलमा पाइने विषालु च्याउ खाएर बिरामी भएका पूर्वी रोल्पाको लुंग्री-५ बुझिङ गाउँका एकै परिवारका तीन जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा ३३ वर्षीया भीमा गुरुङ, छोराहरू ११ वर्षीय सुशील र ६ वर्षीय प्रेम रहेका छन् । उनीहरुले जंगली च्याउ घरमा लिएर तरकारी खाएका थिए । च्याउ खाएर उनीहरु बिरामी भएका हुन् । विरामी भएका उनीहरुलाई उपचारका लागि बुटवलस्थित लुम्बिनी प्रादेशिक अस्पतालमा पुऱ्याएइको थियो । सबै जनाको उपचारको क्रममा ज्यान गएको प्रहरीले जनाएको छ । यस्तै च्याउ खाएरै अन्य ११ बिरामी रहेका छन् । उनीहरुको पनि उपचार भइरहेको प्रहरीले जनाएको छ ।

## काँग्रेसले 'घरघर जाऔं, पार्टी सदस्य बनाऔं' अभियान चलाउने



**पाल्पा,** साउन २/नेपाली काँग्रेसले सदस्यता विस्तारका लागि अभियान चलाउने भएको छ । उसले नयाँ सदस्य थप्नका लागि'घरघर जाऔं, पार्टी सदस्य बनाऔं' अभियान चलाउने भएको हो ।

मंगलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा भएको केन्द्रीय कार्यसमितिको बैठकमा महामन्त्री गगन थापाले सो जानकारी दिएका हुन् । उनले साउन २० देखि २०८१ असार ३१ सम्म पार्टी सदस्यता विस्ता अभियान चलाउने प्रस्ताव गरेका हुन् । राष्ट्रिय अभियान अन्तर्गत ५ देखि ७ लाख क्रियाशील सदस्य थप्ने दाबीसमेत महामन्त्री थापाले गरेका छन् । उनले ८ लाख ६६ हजार क्रियाशील सदस्यहरुको कार्ड जिल्लाबाटै साउन मसान्त भित्रै प्रिन्ट गरेर दिने पनि बताएका छन् । नवीकरण कार्यक्रम भदौ, असोज र कार्तिकमा गर्ने पनि उनले बताए । सोसँगै महामन्त्री थापाले एक वर्षको तालिका समेत सुनाएका छन् । उनलले केन्द्रीय कार्यसमिति बैठक हरेक दुई महिनामा कम्तीमा बसिहाल्ने र साउनमा बसेपछि अब असोजको पहिलो हप्तामा बस्ने नै र न्यूनतम दुई वटा बैठक काठमाडौं बाहिर बस्ने सुनाएका छन् । उनले पार्टीको विधानमा भएका ४८ विभागमा अझै केही नयाँ विभाग थप्न आवश्यक भएकाले केही विभाग प्रस्ताव गर्ने र उक्त विभाग भदौ १५ सम्म तयार गर्ने पनि बताए । महामन्त्री थापाले वर्षभरिको विवरण ६-६ महिनामा बुझाउने भन्ने रहेको बताए । समितिले पूर्णता पाउन नसकेकोले भदौ १५ भित्रै गठन गर्नुपर्ने उनले बताए । प्रशिक्षणाको कार्यतालिकासमेत उनले सुनाएका छन् ।

## अङ्गदानमा लैङ्गिक विभेद : दान गर्ने महिला, लिने पुरुष

**निरा गौतम (रासस)**

**रुपन्देही,** साउन २/रोगले महिला र पुरुष भन्दैन, जोसुकैलाई पनि लाग्न सक्छ । रोगकै कारण कुनै व्यक्तिको अङ्ग काम नलाग्ने भयो भने प्रत्यारोपण गर्नुपर्ने अवस्था आउँछ । यस्तो अवस्थामा नजिकका आफन्तको अङ्ग आवश्यक पर्छ । त्यसका लागि सबैभन्दा पहिला घरपरिवारका सदस्य नै अङ्गदानको प्राथमिकतामा पर्छन् । श्रीमानका लागि श्रीमती र श्रीमतीका लागि श्रीमान् वा बुबाआमाका लागि छोराछोरी र छोराछोरीका लागि बुबाआमा । यस्तो अवस्थामा घरका पुरुषहरु वा महिलाहरुमध्ये को पहिला अङ्गदानका लागि तयार हुन्छन् होला ? सामान्य अवस्थामा हेर्दा पुरुष र महिला भन्नै पर्दैन, सबैका लागि सबै तयार हुन्छन् भन्ने लाग्छ । तर तथ्याङ्कले त्यस्तो भन्दैन । अङ्गदानमा पनि व्यापक लैङ्गिक विभेद् देखिने गरेको छ । सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रको तथ्याङ्कअनुसार अहिलेसम्म भएको अङ्गदानको विश्लेषण गर्दा ७८ प्रतिशत अङ्गदाता महिला छन् भने २२ प्रतिशत मात्रै पुरुष छन् । महिलाले दान गरेको सबै अङ्ग पाउने सबै पुरुष छन् । महिलाले महिला र पुरुष दुवैका लागि अङ्गदान गरिरहेका बेला पुरुषको अङ्ग पाएर ज्यान बचाउने महिलाको संख्या अत्यन्त न्यून छ । प्रत्यारोपणका लागि अङ्गदान गर्नेमा महिलाको संख्या बढी छ । महिलाले दान गरेका अङ्ग लिनेजति सबै पुरुष छन् । श्रीमानलाई अङ्गदान आवश्यक परेमा श्रीमती सजिलै तयार हुँदा श्रीमानले भने कन्जुस्याइँ गर्छन् । विभिन्न बहाना बनाउँछन् । आफन्तलाई अङ्ग आवश्यक पर्दा दिन तयार हुने महिलालाई अङ्ग प्रत्यारोपण गर्नु परेमा पुरुषहरु पर सर्ने गरेको तथ्याङ्कले देखाएको छ ।



विशेषगरी मिर्गौला प्रत्यारोपणमा यो अवस्था बढी हुने गरेको हो । पुरुषको अङ्गले काम नगर्ने भयो भने महिला जस्तोसकै अवस्थामा पनि अङ्ग दिन तयार हुने तर महिलाको अङ्ग बिग्रेर काम नलाग्ने भयो भने पुरुष तयार नहुने अवस्था छ । अङ्गदान गर्न पुरुषले कन्जुस्याइँ गर्छन् । 'श्रीमतीले श्रीमानलाई सजिलै अङ्ग दान गर्छन्, तर श्रीमानले श्रीमतीलाई दिन मान्दैन, बुवा आमालाई आवश्यक परेमा छोरीले दान गर्छन् तर छोराले दिँदैन', शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा. पुकारचन्द्र श्रेष्ठ भन्छन्, 'अङ्गदानमा देखिएको यो विभेदले आफूलाई पुरुष भन्न पनि लाज लाग्छ ।' लैङ्गिक विभेद अङ्गदान र प्रत्यारोपणको चुनौती नै बनेको डा. श्रेष्ठ बताउँछन् । 'महिलाको अङ्ग लिने अधिकार ठान्ने तर महिलालाई दिन पर्दैन भन्ने पुरुषको मानसिकता छ, यो मानसिकता हटाउनुपर्छ', उनी भन्छन् । अङ्गदान गर्ने पुरुषको संख्या बढाउनकै लाागि महिलालाई पुरुषले अङ्ग दिँदा ५० हजार आर्थिक सहयोगको व्यवस्था छ । यो प्रावधानले पनि धेरै सुधार ल्याउन सकेको छैन । महिलाले पनि प्राथमिकता साथ मृर्गौला प्रत्यारोपण गर्न पाउन् भनेर मस्तिष्क मृत्युबाट प्राप्त हुने मिर्गौला वितरणमा महिलालाई पुरुषको दाँजोमा तेब्बर प्राथमिकता दिइएको डा. श्रेष्ठ बताउँछन् । समाजमा महिलालाई अझै दोस्रो दर्जाको नागरिकको रुपमा लिइन्छ । श्रीमानले परिवारको पालनपोषण गर्नुपर्छ भन्ने पुरानो मान्यता छ जसले गर्दा उसले अङ्गदान गर्नु हुँदैन भन्ने सोच परिवार र आफन्तले राख्छन् । तर यो सबै पितृसत्ताकै उपज हो भन्छिन्, अधिकारकर्मी प्रतिमा शर्मा । हिंसा घरबाट र आफनै श्रीमानबाट बढी हुन्छ । श्रीमानलाई केही भए श्रीमतीले सबैथोक त्याग गर्न तयार हुन्छिन् तर पुरुषले महिलालाई उपयोग मात्रै गर्छन्', उनी भन्छिन् । उपयोगितावादले गर्दा महिलाप्रति पुरुषको सम्बेदना कम हुने गरेको उनको विश्लेषण छ । 'महिलाप्रति व्यक्ति र समाजको सोच बदल्न सानो लगानीले हुँदैन । सरकार, निजी क्षेत्र तथा सबै आआफ्नो ठाउँबाट लाग्नुपर्छ, शिक्षाको पाठ्यक्रम पनि त्यही अनुसारको बनाउनुपर्छ', शर्मा थप्छिन् । लैङ्गिक विभेद अन्त्य गर्न पितृसत्तात्मक संरचना नै बदल्नुपर्ने र तीनै तहका सरकारले प्रत्येक घरधुरीमा पुग्ने गरी व्यापक सचेतना जगाउनुपर्ने सुझाव अधिकारकर्मी शर्माको छ । अङ्ग नपाएका कारण कुनै पनि व्यक्तिले ज्यान गुमाउनु नपरोस् भन्ने उद्देश्यले नेपालमा २०७४ देखि मस्तिष्क मृत्युपछि अङ्गदान गर्ने प्रचलन सुरु भयो । अठार वर्षभन्दा माथिका व्यक्तिले स्वइच्छाले आफ्नो नजिकका नातेदारलाई चिकित्सकीय उद्देश्यका साथ मानव अङ्ग, मानव शरीरको अङ्ग प्रत्यारोपण ऐन २०५५ कानुनको अधिनमा रही अङ्गदान गर्न सक्छन् ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## अर्थतन्त्र बलियो बनाउन नेता सुध्रिनु पर्छ

राजनीतिक अस्थिरताका कारण नेपालको अर्थतन्त्र सधै कमजोर छ । राजनीतिले स्थिरता लिन सकेको छैन, जसले गर्दा अर्थतन्त्र पनि उत्तिकै कमजोर छ । सधैँ सरकार परिवर्तन भइरहँदा आर्थिक नीति पनि परिवर्तन हुँदै जाने गर्दछ । दिगो अर्थनीतिको अभावमा अर्थतन्त्र कहिल्यै सुधार हुन सकेन, यो नै नेपालको अर्थतन्त्रको मूल समस्या हो । अर्थतन्त्र बजेटबाटै सुरु हुन्छ । बजेट निर्माण हचुवाको भरमा गरिने विषय त एकातिर छँदै छ भने अर्कोतिर महत्वाकांक्षी पनि हुने गरेको छ । पहुँचका आधारमा योजना छनोट गरिने र पहुँचकै आधारमा बजेट विनियोजन गरिने परम्पराको अन्त्य हुन सकेको छैन । आयोजना तर्जुमा एक प्रविधिमूलक एवं प्राविधिक विषय हो । तर, नेपालमा भने यी कुरामा ध्यानै दिइएको पाइँदैन ।

सरकारले लगानीको वातावरण समेत बनाउन सकेको छैन । लगानीको वातावरण बनाउन सरकारले विभिन्न कानुन तर्जुमा गर्ने भन्दै आएपनि अहिलेसम्म धेरै कानुन बन्न सकेको अवस्था छैन । कानुन अभावमा लगानीकर्तालाई सजिलै लगानी ल्याउन र फिर्ता लैजान सजिलो हुन सकेको छैन । लगानी फिर्ता लैजान कठिन छ भन्ने जान्दाजान्दै कोही पनि लगानीकर्ता जोखिम मोलेर आउँदैन । लगानीको वातावरण बनाउन सरकारी कर्मचारीको भूमिका पनि उल्टो छ । विदेशी वा स्वदेशी जुनसुकै लगानीकर्ताका लागि पनि सरकारी कर्मचारीले सहजीकरण गर्नेभन्दा अवरोध बढी गर्ने प्रचलन छ । यति मात्र होइन्, विदेशमा पाखुरा बेच्न जाने नेपालीहरुको संख्या पनि बढेको छ । रेमिट्यान्स आयो भनेर दंग पर्नु पर्ने अवस्था छ तर यसले समस्या उत्पन्न हुने कुरालाई नकार्न सकिदैन । नेपालमा गरी खाने ठाउँ नभएपछि नै युवाहरु पलायन भएका हुन् । उर्जवान युवाहरु विदेश पलायन हुँदा देशको अर्थतन्त्र दीगो रुपमा बलियो हुन सक्दैन । यसतर्फ न सरकारको ध्यान जान सकेको छ न त राजनीति दलका नेताहरुको । विनियोजित बजेट पनि पूर्णरुपमा सदुपयोग हुँदैन, आधाभन्दा बढी त भ्रष्टाचारमै सकिन्छ । अर्थमन्त्रीले प्रधानमन्त्री र आफ्नो पार्टी सभापतिको चाकडी गर्न, खुशी पार्न सिंगो प्रदेशलाई विनियोजन हुने सरहको बजेट उनीहरुका जिल्लामा ओइराउँछन् । एक त आर्थिक सामर्थ्य नै खत्तम छ । भएको सिमित स्रोत र साधनको पनि सदुपयोग होइन, दुरुपयोग भएको छ । यसले गर्दा कहिल्यै अर्थतन्त्र बलियो हुन सक्दैन । यसर्थ अर्थतन्त्र बलियो बनाउन नेता सुध्रिन जरुरी छ । त्यसो भयो भने मात्र मुलुकको अर्थतन्त्र मजबूद र बलियो बन्न सक्छ, अन्यथा सधै कमजोर नै रहिरहने छ ।

### Opinion @ Social Network


यात्रामा साथ दिनेलाई कहिलै नबिर्सनु,
गन्तव्यमा पुगे पछि हात मिलाउने त जति नि भेटिन्छन् !
*(सविता पाण्डेको फेसबुक स्टाटस https://www.facebook.com/sabita.pandey)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# उच्च पदस्थ हुनु भनेको ढुकुटी दुरुपयोगको हक हो ?



**प्रा. देवीभक्त ढकाल**

बहालवाला वा सेवानिवृत्त उच्च पदस्थहरूको सहयोगी वा निजी सहायकको नाममा र सुरक्षा व्यवस्थाको नाममा राज्यका स्रोतसाधनहरूको चरम दुरुपयोगलाई किन स्वभाविक ठानिन्छ ? हाम्रो दुर्भाग्य जसले सुविधा लिन्छ उसैले सुविधासम्बन्धी कानुन बनाउँछ । अब शक्तिको दुरुपयोग अवश्यम्भावी भएन ? सुविधाको धनराशि गरिब जनताले तिरेको कर हो । त्यसैले त्यो सुविधाप्रति जनताका असन्तुष्टिहरू के छन् ? त्यसको समीक्षा र मूल्यांकन अनिवार्य विषय हो । जसले सुविधा उपभोग गर्छ । उसैले सुविधाको निर्णय गर्नु दुरासयपूर्ण हुन्छ । त्यही दुरासयको चपेटामा हाम्रो अर्थतन्त्र थिलथिलिएको छ । यसको मुख्य कारण नै नीतिगत भ्रष्टाचार हो । ढुकुटीको दुरुपयोग नै नेताहरूले आफ्नो उपलब्धि र बहादुरी ठान्दछन् । त्यसैले सबै पार्टीहरूका नेताहरू जनताको दृष्टिमा गिरेका छन् । पार्टी पदाधिकारी र लम्पट कार्यकर्ता नै लाग्छ भ्रष्टाचारको गिरोह हो । नेताहरूको अनियमित र भ्रष्ट प्रवृत्तिसँग जनता यति आत्तिएका छन् कि सदाचार र सुशासनको सुसेली जसले बजाए पनि हठात विश्वास गर्छन् । त्यहीँ कारण हो नयाँ पार्टीहरूको उदय । त्यसैले अनियमितता र भ्रष्टाचारको म उपचार खोज्छु नामुद भ्रष्टले भन्यो भने पनि जनता पत्याउँछन् । त्यसको कारण हो नेताहरूको भ्रष्टाचार, शोषण र पारिवारिक लुटबाट जनता सम्भवत: इतिहासमै बढी आत्तिएको अवस्था । अहिले भ्रष्टाचारीलाई कारबाही गर्न जसले प्रतिबद्धता गर्छ । जनता त्यसको पक्षमा हुन्छन् । रवि लामिछानेको जितको यो नै एकमात्र कारण हो ।

यस्तो अवस्था बनाउने अरू कोही होइन । लामो समयदेखि शासनमा रहेका तर भ्रष्ट चरित्र भएका नेताहरू हुन् । त्यस्तो चरित्र भएका नेताहरूले नै सबै पार्टी हाँकेका छन् । तिनीहरूप्रति जनताको विश्वास छैन । विश्वास भएकाहरू नै भ्रष्टाचारबाट संकलित धनको र षड्यन्त्रको बलमा बारम्बार निर्वाचित हुने रोगले जनता आजित छन् । लामो समयदेखि जनता झुक्याउन र भ्रष्टाचारमा पोख्त तर शासकीय योग्यता, क्षमता, नैतिकता र इमानदारी नभएका नेताहरूको बिगबिगी नै हाम्रो राजनीतिक समस्या हो । सबै पार्टीहरूमा भ्रष्टहरूको नेतृत्व छ । त्यो नेतृत्व खोस्ने रणनीति नै देश र जनताको आवश्यकता हो । जनता खोस्न नसक्ने, उनीहरू नछाड्ने द्वन्द्वको सिकार नेपाली राजनीति र जनता अझै कति हुने ? राज्यका स्रोतसाधनको चरम दुरुपयोग नै वर्तमान राजनीतिक र प्रशासनिक नेतृत्वको पहिचान हो । सुराकी, अतिथि सत्कार, भइपरी र विकास बजेट आदि राज्यका स्रोतसाधन अत्यन्तै धेरै दुरुपयोग हुने शीर्षक हुन् । विकास बजेटको दुरुपयोग गर्नेहरूका विकास र समृद्धिका भाषण पत्याउने हामी मुर्ख हौं । भर्खरै सुराकी खर्च रद्द गरेर नारायणकाजीले जनतामा थोरै आशा जगाएका छन् । त्यस्ता शीर्षकमा भएको विनियोजन दुरुपयोगकै लागि हो । शक्तिको दुरुपयोगको आधिकारिक व्यक्ति उच्चपदस्थलाई मान्ने प्रचलन यो नौलो होइन । रकमान्तरको नाममा सरकारी कोष यथेष्ट दुरुपयोग हुने विषयमा हामी जानकार छौं । रकमान्तर शक्तिको दुरुपयोग र रकमको दुरुपयोग दुवै हुने शीर्षक हो । हामी सबै यसको साछी छौं । सरकारको बजेटमै कतिपय शीर्षक लेखापरीक्षण पनि गर्नु नपर्ने, हचुवाका भरमा खर्च गर्न पाउने व्यवस्था छ । यस्ता शीर्षकहरू सम्बन्धित काममा खर्च हुँदैनन् । यस्ता खर्चहरू हुने कार्यालयमा जान मन्त्रीहरू र सरुवा हुन कर्मचारी किन आकांक्षी हुन्छन् ? सेना, प्रहरी, सशस्त्र प्रहरीको सैद्धान्तिक प्रयोजन के-केमा र कसरी गर्ने भन्ने विषयमा मसिनु अध्ययन किन हुँदैन ? व्यक्ति, व्यक्तिलाई सुरक्षाको प्रबन्ध गर्ने कि वातावरणलाई नै सुरक्षित बनाउने ? जननिर्वाचित प्रतिनिधिले जसले धेरै सुरक्षाकर्मी राख्छ त्यो चोटिको भ्रष्ट हो । त्यो भ्रष्टाचारको मापन गर्ने प्रमाण हो । यदि ऊ सच्चा जनप्रतिनिधि हो भने जनताका बीचमा सुरक्षाकर्मीको दलबलका साथ जान हुँदैन ।

जनताका लागि लड्नेहरू जनतासँग नै डराउँछन् भने यो निश्चित हो उनीहरू जनताका लागि लडेका नै होइनन् ? त्यसैले प्रजातान्त्रिक शासकहरू कमभन्दा कम सुरक्षाकर्मीहरू प्रयोग गर्छन् । तर हाम्रो अवस्था ठीकविपरीत छ । कर्मचारी बरू सुरक्षाकर्मीहरू प्रयोग गर्न हिच्किचाउँछन् भने जननिर्वाचित सुरक्षाकर्मीको लावालस्करका साथ उपस्थित हुँदा गौरवको अनुभूति गर्छन् । त्यसैले नेपालका जनप्रतिनिधि जनताका दृष्टिमा गिरेका छन् । आफ्नो लोकप्रियता के छ ? त्यसको जाँच, मूल्यांकन र समीक्षा गर्न जनप्रतिनिधि किन जरुरी ठान्दैनन् ? प्रधानमन्त्री, मन्त्री वा कुनै खास कामको जिम्मेवारी निर्वाह गर्दा पक्षपात, धाँधली, नातावाद कृपावादका विषय सामान्य हुन्छन् भने त्यो समाजमा अनियमितता कसरी घट्छ ? नघटी कसरी हट्छ ? अहिले भ्रष्टाचार हटाउने होइन घटाउने नीति बनाऊँ । घटेपछि मात्रै पछि हट्छ । अनियमितता र भ्रष्टाचारकै कारण नेताहरूले सुरक्षाकर्मीको संख्या अत्यधिक प्रयोग गर्छन् । सुरक्षाको आवश्यकता भ्रष्टलाई मात्रै हुन्छ । प्रजातान्त्रिक शासनमा सुरक्षा घेरामा भ्रष्टमात्रै बस्छ । यो स्थिति राज्यको ढुकुटीको मितव्ययिताको दृष्टिकोणबाट अपराध हो र घोटाला पनि ? पूर्वराष्ट्रपतिहरूले के आफू जन्मे हुर्केको ठाउँको घरमा पदमुक्त भएपछि बस्न हुँदैन ? किन राजधानीमै बस्ने ? उसलाई कुन कार्यालयको सञ्चालन गर्नुछ र अधिकृत, नायवसुब्बा जस्तो निजी सहायक दिने ? किन चाहियो ? के त्यस्ता दरबन्दीको दुरुपयोगको मूल्यांकन गर्ने सोच हामीमा छ ? सुनिन्छ एकजना पूर्वउपराष्ट्रपतिको सुरक्षका लागि ५० जना सुरक्षाकर्मी छन् रे ? के एकपटक शक्तिमा पुग्नु भनेको जीवनभर राज्यका साधनस्रोत लुट्ने लाइसेन्स हो ? बहालवाला राष्ट्रपतिलाई त एकजना निजी सहायक बाहेकका सल्लाहकार फजुल खर्च हुन् भने पूर्वपदाधिकारी कसैलाई निजी सहायक र सुरक्षाको जरुरी छैन । पदमा हुँदा भ्रष्टाचार गर्नेहरूलाई राज्यले किन सुरक्षाकर्मी दिने ? पदमुक्तलाई धेरै सुविधा भनेको भ्रष्टद्वारा भ्रष्टहरूको सेवा हो । यो भ्रष्टाचार प्रबर्द्धनको निकृष्ट विधि हो । प्रश्न निजी सहायक किन ? जसको निजी सचिवालयमा निजी सचिवले कार्यालय सञ्चालन गर्दैन ? कार्यालयको व्यवस्था छैन । उसलाई निजी सचिव किन दिने ? निजी सचिवको नाममा उसको व्यक्तिगत कामदारको आवश्यकताको आपूर्ति गर्न कार्यालय सञ्चालनको हैसियत भएको शाखा अधिकृत स्तरको सहायकको सुविधा किन दिने ? यो दिन पर्ने कि नपर्ने ? कुन तहको दिनुपर्ने भन्ने निर्णय कसले गर्ने ? यो महत्वपूर्ण विषय हो ।

यस प्रकरणमा भएको भ्रष्टाचार र अनियमितताले देशको ढुकुटीमा निको नहुने भाइरस रोगको संक्रमण छ । राज्य सञ्चालकका मुख्य विशेषता भनेको इमानदारी, सदाचारी र मितव्ययिता हुन् । के हाम्रो निर्णायक पदमा हुनेहरूमा ती गुण मौजुद छन् ? खुलेर भन्न सकिन्छ, छैन । अब निर्णायकको इमानदारीप्रति जहाँ शंका हुन्छ अब निर्णयमा वैकल्पिक बाटो खोज्नुपर्छ । व्यक्तिको लहडबाजीमा राज्यको ढुकुटीको प्रयोग गर्नु हुँदैन तर हाम्रो समस्या जसलाई जिम्मेवारी दिँदा जिम्मेवारी दुरुपयोग हुने विषय आजका मितिसम्म सामान्य मानिन्छ । हाम्रो सोच नै परम्परावादी छ । हामीमा एउटा कहावत छ जसले मह काढ्छ उसले हात चाट्छ । यो मान्यता राज्यकोषको जिम्मेवारी लिनेहरूसँग छ । यो मान्यताले जिम्मेवारीमा रहने जो कोही बेइमानी गर्न हिच्किचाउँदैन । हुन त देवस्व, ब्रफमस्व र राजस्व भ्रष्टाचार गर्नु हुँदैन भन्ने लोकोक्ति छ । तर त्यो लोकोक्तिलाई आधुनिक विचारधाराका अनुयायी हुँ भन्नेहरूले सजिलै उल्लंघन गर्दा नै भ्रष्टाचार, अनियमितता र राज्यका साधनस्रोतको चरम दुरुपयोग भएको छ । निजी सहायकको स्तर निर्धारणको मापदण्ड के ? मानौं अधिकृत स्तरको निजी सहायकको सुविधा दिने निर्णय भयो । त्यो के आधारमा भयो ? त्यस्तो सुविधा जसले लिन्छ तिनीहरूकै मिलोमतोमा भयो कि त्यो सुविधा कसरी, दिने, किन दिने, कसलाई दिने, के आधार र मापदण्डमा दिने भन्ने विषयमा सार्वजनिक बहसबाट वा आयोगबाट भयो ? आफूलाई जसरी अनुकूल हुन्छ त्यसरी नै सुविधा पाउनेको पक्षमा निर्णय गर्ने र त्यसलाई जथाभावी कार्यान्वयन गर्ने विषय के विधिसम्मत हुन्छ ? जो सत्तामा छ उसकै ज्वाइँ, छोरी मन्त्री, उसकै छोरा-छोरी मेयर, उसकै भाइ भतिज राजदूत, वाणिज्यदूत, उसकै स्वास्नी, छोराछोरी, भाइ भतिजा निजी सहायक, एकजना मानिसका नाता गोतासँग घरमा ८-१० सरकारी गाडीको लस्कर, पचासौं सुरक्षाकर्मी, भान्से, सुसारे सबै सेना र प्रहरीका जवान । घरमा राजसी भाषा बक्सियोस्मात्रै प्रयोग । फेरि किन फाल्नु परेको राजतन्त्र । राजाले त आफ्ना भाइ-भतिजा, छोरी, ज्वाइँ जस्ता नातेदारलाई त कहिल्यै मन्त्री, राजदूत र अन्य नियुक्ति गरेनन् । ठेक्कापट्टा आदिमा नेताकै नातागोताको बिगबिगी छ । नेताका श्रीमतीहरू करोडौं नजराना बुझेको विषय त छरपष्ट नै भयो । के लोकतान्त्रिक शासन भनेको नेताहरूको यस्तै अनियमितताको बिगबिगी हो ? हिजो पञ्चाय र राजाको विरुद्धमा भएको आन्दोलन अब यिनहरूविरुद्धमा गर्न फेरि बाध्यता आइलागेको हो ? नेपालीहरू अन्य सिर्जनात्मक परिश्रममा भन्दा रेलिङ भत्काउने, ढुंगा हान्ने र तोडफोडमा जाँगरिला छन् ।

यदि आन्दोलन सुरुवात भयो भने चाँडै फत्ते हुन्छ । अब आन्दोलनको नेतृत्व गर्ने बहादुर खोज्न अहिलेका नेता भनाउनेले दबाब सिर्जना गरेका छन् । त्यो दबाब भनेको विविध प्रकारका भ्रष्टाचार, अनियमितता र अक्कासिदो महँगी हो । कालिमाटी तरकारी बजारको महँगीको विषयलाई कसैले अहिले एजेण्डा बनायो भने हजारौं हजार तरकारी उपभोक्त क्षणभरमा आन्दोलित हुन्छन् । अहिले नेपालमा आन्दोलन भुसको आगो झैं भित्रभित्रै सल्केको छ । अब छेस्काहरूले अलिकति उधिन्ने बित्तिकै यो अहिलेको शासन व्यवस्था कति टिक्ला ? किनकि जनतामात्रै होइन प्रशासक, पुलिस, सेना सबै यिनीहरूको निर्लज्ज क्रियाकलापसँग रुष्ट छन् । यिनीहरूको पक्षमा प्रतिवाद गर्ने मनोविज्ञान कार्यकर्ता र सुरक्षा निकायमा छैन । असन्तुष्टलाई एकीकरण गरेर आन्दोलनको नेतृत्व गर्ने एउटा बहादुरको खाँचो छ । त्यो बहादुरले सजिलै काम फत्ते गर्छ । किनकि जनता अत्यन्तै आत्तिएका छन् । वंशानुगत तानाशाह सत्ता आफ्ना सन्ततिमा हस्तान्तरण हुँदैन कि भनेर जनतासँग सधैं डराउँथे । यी भूतपूर्व सुकुम्बासीलाई त जति आयोआयो भोलि जेसुकै होस् भन्ने सिद्धान्तले यिनहरूलाई डर छैन । लुटको धन कसरी जोगाउने भन्ने एकमात्र डर र चिन्ता छ । यिनले हिजो जप्ने समाजवाद, सुशासन, विकास र समृद्धि सबै जनता र देश ठग्ने हतियार थिए भन्ने कुरा अब छर्लंग भयो । प्रजातान्त्रिक समाजवादका व्याख्यान गर्नेहरू, गरिबलाई आय र निमुखालाई न्याय भन्नेहरूको तीन दशकको शासनको परिणाम के भयो ? उनीहरू आफैं धनी भए । गरिबका मसिहाले गरिबलाई होइन आफैंलाई उकासे । विकास र समृद्धिको भुलभुलैयाको नाटक हेरियो । वैज्ञानिक समाजवाद, साम्यवाद र नयाँ नेपाल भनेर नथाक्नेहरू अहिले भ्रष्टाचार गरेर नथाक्ने रोगद्वारा ग्रसित छन् । समग्रमा जनता आजित छन् । अब आन्दोलन हाक्ने तर नातागोता, परिवार नपोस्ने निष्पक्ष, सदाचारी, देश र जनताप्रति इमानदार बहादुरको खाँचो कहिले पूरा हुन्छ त्यही पर्खाइमा तड्पेका छन् जनता । नेता नाम धारी धेरै छन् तर देश, जनताप्रति जवाफदेही र इमानदारको सधैं अभाव छ । व्यक्तिगत स्वार्थ मन मस्तिष्कमा राख्ने तर ओठमा भने राष्ट्रिय स्वार्थले जनताका समस्या समाधान होइन झन् उत्पादन गर्ने काम भएको छ । यो द्वैध चरित्रद्वारा नेताहरू ग्रसित रहँदासम्म परिस्थिति किमार्थ सधिँदैन ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । वैदेशिक क्षेत्र पनि कमजोर रहला। | **तुला** : कुनै कुराले मनमा शान्ति छाउला। गरेको कार्यमा सफलता पाइनेछ । |
| **वृष** : शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ । | **वृश्चिक** : बोलीले काम बन्न सक्छ । बन्धु बान्धवबाट सहयोग मिल्नेछ । |
| **मिथुन** : जोश जाँगर र हिम्मत बढ्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । | **धनु** : दिन सामान्य र माध्यम नै रहनेछ। साँझमा भने शुभ समाचार पाइन सक्छ । |
| **कर्कट** : अरुको सहकार्यले नयाँ अनुभव मिल्नेछ । काममा सफलता पनि मिल्नेछ। | **मकर** : प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ । नयाँ वस्त्रको प्राप्ति पनि हुनेछ । |
| **सिंह** : स्वास्थ्य समस्याले सताउन सक्छ। महत्त्वपूर्ण कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : पारिवारिक सुख एवं सहयोग मिल्नेछ । आँटेको कार्य पुरा हुनेछ । |
| **कन्या** : बौद्धिक विकास होला । धार्मिक यात्राको योग पनि छ । | **मीन** : भाग्यले विभिन्न अवसर जुराउनेछ । मनमा शान्ति छाउनेछ । |

## मनोरञ्जन

# ‘कसलाई सुहाउँछ होइन, को चलेको छ भनेर गीत गाउन दिने प्रवृत्ति छ’



कभर गीत गाएर पछि मूलधारको संगीतमा स्थापित गायिका बन्छु भनेर एलिना चौहानले कहिल्यै सोचेकी थिइनन् । किनकि उनी न सांगीतिक परिवारकी थिइन्, न त बच्चादेखि नै गायिका बन्छु भनेर सपना पालेकी थिइन् । मात्र साथीसंगी र परिवारमाझ गीत सुनाउँथिन् र सबैले ‘युनिक स्वर छ, गीत गाउँदा राम्रो सुनिन्छ’ भनेर प्रशंसा गर्थे । एलिना कलेज पढ्दै स्कुलमा पढाउने पनि काम गरिरहेकी थिइन् । जसै विश्वव्यापी कोरोना महामारीका कारण नेपालमा पनि लकडाउन भयो । सबै कुरा ठप्प भए, धेरैको दिनचर्या टक्क रोकिए झैं भयो । तर यति नै बेला एलिनाको जीवनमा भने नयाँ मोड आयो । उनी कभर गीत गाउन थालिन् र आफ्नै युट्युब च्यानलमा अपलोड गर्न थालिन् । एक-दुई कभर गीत रेकर्ड गराउँदै सार्वजनिक गर्दा उनका श्रोताहरु बढ्न थाले ।

कालीप्रसाद बाँस्कोटाको स्वरमा रहेको ‘इन्स्टाको फोटो’ले त उनलाई रातारात स्टार नै बनाइदियो । त्यसपछि तिम्रो मायाले बाँधेर राख, बरिलैजस्ता गीत कभर गाएर थप चर्चा बटुलिन् । अनि लकडाउनकै समयमा आफ्नै गीत निशान भट्टराईसँगको ‘के माया लाग्छ र’ सार्वजनिक भएपछि उनले कहिल्यै पछाडि फर्केर हेर्नुपरेको छैन । एलिनाले आफ्नो सांगीतिक यात्रा, अहिलेको नेपाली संगीत, प्रतिस्पर्धा, संगीत क्षेत्रका सबल र दुर्बल पक्षदेखि विवाहका योजनासम्मका विषयमा खुलेर कुराकानी गरेकी छन् । चार वर्षको अवधिमा एलिना अहिलेकी व्यस्तमध्येकी गायिका बनेकी छन् । उनको ‘युनिक’ स्वरले जति स्टुडियो गुञ्जाइरहेको छ, उति नै स्टेजलाई नतमस्तक बनाइरहेको छ । यो दुईतिरको तालमेल चाहिं कसरी मिलिरहेको छ त ? एलिना भन्छिन्, ‘अहिले त रेकर्डिङमा भन्दा धेरै स्टेजमै व्यस्त छु । एकैदिन रेकर्डिङ र कन्सर्टमा गएको उदाहरण पनि धेरै छन् । तर आफू जहाँ गइन्छ त्यही ढल्न सक्नुपर्छ जस्तो लाग्छ । बानी पर्दै जाँदा सबै सम्भव हुने रहेछ । आफूलाई मन पर्ने काम भएकाले पनि यसमा रमाइलो लाग्छ । एकैदिन सातवटासम्म गीत रेकर्ड गरेको छु, अहिले पनि दिनमा तीन-चारवटासम्म रेकर्ड गरेकी छु ।’ यस अवधिमा एलिनाका धेरै गीत लोकप्रिय छन् । धोकेवाज, मिनरल वाटर, छुनुमुनु, मेरो परान, दुई पाइला, भाग्यमा खोट छ, पानी पानी, पानी पँधेरोजस्ता थुप्रै गीत हिटको सूचीमा पर्छन् । त्यसमा पनि ‘धोकेवाज’ गीतले उनलाई चर्चाको उपल्लो तहमै पुऱ्याइदियो । ‘अहिले पनि यो गीत स्टेजमा सबैभन्दा बढी माग हुन्छ । हुन त अरु चलेका गीत पनि त्यत्तिकै रुचाइदिनुहुन्छ । तर दुई वर्षअघिको यो गीत दर्शकहरुले एकाएक भाइरल बनाइदिनुभयो,’ एलिना सुनाउँछिन्, ‘खासमा म होइन, उहाँहरु भाइरल हुनुभयो ।’ शिव परियारको स्वरमा मेल भर्सन समेत सार्वजनिक भएको यो गीतलाई लिएर निकै ‘कन्ट्रोभर्सी’समेत सिर्जना भयो । एलिना प्रष्ट पार्छिन्, ‘मेल र फिमेल भर्सन हो, कसो पहिले हो भन्नेमा समेत कुरा आए । खासमा यो दुवैको हो । यसमा केही मिडिया र सोसल मिडियाले अनावश्यक कन्ट्रोभर्सी गराइदिए । शिव दाइ (शिव परियार)जस्तो मान्छेसँग मलाई तुलना गर्नु नै गलत हो ।’ एलिनाले वर्तमान नेपाली संगीतको अवस्थाबारे पनि धारणा राखिन् । अहिले संगीतमा राम्रोसँगै नराम्रो कुरा पनि हाबी भइरहँदा उनलाई दुःख लाग्छ । कुनै एउटा शब्द वा शैली हिट भएमा सबै त्यसकै पछि लाग्दा स्तरीय संगीत सिर्जनामा बाधा पुगिरहेको उनको ठम्याइ छ । ‘एउटा शब्द भएको गीत जस्तै, धोकेवाज हिट भयो, यही धोकेवाज शब्दकै पछि सबै लाग्नुहुन्छ । आफूले नयाँ बनाऔं भन्दा पनि के चलेको छ त्यसकै पछि लाग्ने, कपी गर्ने प्रचलन बढेको छ,’ हालसम्म ७५० भन्दा बढी गीत गाइसकेकी एलिना भन्छिन्, ‘केही मात्रामा नयाँ शैलीका गीत पनि आइरहेका छन्, तर भाइरलको पछि लाग्दा मरिरहेका छन् ।’ यद्यपि अहिले संगीत ‘फिल्टर’ हुने क्रममा भने रहेको उनको बुझाइ छ । म्युजिक भिडियो र गीतको अडियो विषयमा पनि उनले जबर्जस्त कुरा गरिन् । अहिले अडियो ठीकै मात्र भएको गीतमा विवादित हुने खालका विषयवस्तु राखेर चलाउने प्रवृत्ति समेत बढिरहेको उनी बताउँछिन् । ‘खासमा अडियो राम्रो हुनुपर्ने हो । मेरा पनि धेरै गीत स्टुडियोमै खिच्दा पनि रुचाइएका छन्,’ एलिना भन्छिन्, ‘तर अहिले कतिपय गीतका भिडियोमा जानी जानी कन्ट्रोभर्सी राख्ने र भाइरल गराउने प्रवृत्ति बढेको पाउँछु । यस्तो कामले म्युजिकको भविष्य राम्रो बनाउँदैन ।’

नेपाली संगीतमा अहिले जो चलेको छ, उसकै लागि अन्धाधुन्ध गीत बनाउने प्रचलन पनि बढेको छ । यस विषयमा एलिनाको सटिक टिप्पणी छ, ‘कसलाई भन्दा चलेकोलाई हेर्ने प्रवृत्ति देखिन्छ । मैले बनाएको गीत कसलाई सुहाउँछ भन्दा पनि को चलेको छ, भाइरल छ भनेर दिने चलन छ । यसले स्वर म्याच नहुने र रेन्ज नमिल्ने सिंगरले त्यस्तो गीत गाउँदा त्यो सिर्जना नै मरेर जान्छ । यस्तो कुरामा ख्याल गरे हाम्रो संगीत अझै राम्रो हुन्थ्यो होला ।’ एलिनाले भर्खरै पार्श्व गायनमा पनि डेब्यु गरिन् । अरु गीत गाउँदा र फिल्मका गीत गाउँदा फरक लाग्यो रे उनलाई । ‘फिल्मको गीतमा हिरोइनलाई सम्झेर गाउनुपर्ने रहेछ । अरु गीत आफ्नै फिलमा गाउँदा हुन्छ,’ उनी सुनाउँछिन् । उनले धेरै शैलीका गीत गाइसकिन् । तर पनि सेन्टिमेन्टल सुगम संगीतमा आधारित गीतमा चाहिं आफ्नो स्वर बढी सुहाएको एलिनालाई लाग्छ । ‘लोकगीत पनि गाएको छु, तर कताकता टिपिकल गीतमा स्वर म्याच नभएजस्तो लाग्छ, गाउन पनि गाह्रो लाग्छ, म झापाकी मान्छेलाई,’ उनी सुनाउँछिन् । स्टेज र स्टुडियोमा व्यस्ततासँगै प्रतिस्पर्धा पनि निकै चर्को छ । रचना रिमाल र समीक्षा अधिकारी एलिनाका प्रतिस्पर्धी हुन् भनेर चर्चा गरेको पनि सुनिन्छ । तर यसलाई उनी ठाडै अस्वीकार गर्छिन् । ‘यो बाहिर फैलाइएको हल्ला मात्रै हो । रचना, समीक्षा र मेरो प्रतिस्पर्धा होइन, अरुले जुधाइदिनुहुन्छ होला । उनीहरुको छुट्टाछुट्टै शैली छ, मेरो छुट्टै । क्लासिकलमा राम्रो छ रचनाको, लोकमा समीक्षाको छ,’ एलिना भन्छिन् । उनले संगीतमा सधैं एउटै गतिमा चलिँदैन भन्ने बोध गरेकी छन् । ‘आफूभित्र विश्वास भएमा प्रतिस्पर्धाबाट डराउनु पनि पर्दैन । कोही पनि सधैं चल्दैन भन्ने मैले बुझेको छु । पछि कसैले गीत नदिए पनि मेरो आफ्नै युट्युब च्यानल छ, राम्रा गीतहरु बनाएर सार्वजनिक गर्छु,’ उनी पछिको योजनाबारे सुनाउँछिन्, ‘अहिले त मेरो स्वर रेकर्ड गर्न लामो समय पर्खेर बस्ने पनि धेरै जना हुनुहुन्छ । सधैं यही अवस्था रहँदैन होला नि ।’ संगीतमा लागेको छोटो समयमै नाम, दाम र प्रतिष्ठा कमाइसकेकी एलिनालाई घरजम गर्ने सोच चाहिं आएको छैन ? गफ स्टेसनमा उनले आफ्नो प्रेम सम्बन्धबारे पनि खुलाइन् । हाल अस्ट्रेलियामा बसोबास गर्ने बागलुङका एक व्यक्तिसँग प्रेम सम्बन्धमा रहेकी उनी विवाह गर्ने तयारीमा छिन् । ‘तर घरजम गर्न व्यस्तताले दिएन । कहिले देश, कहिले विदेशमा कार्यक्रमका लागि गइरहनुपर्छ । फेरि उहाँ पनि अस्ट्रेलियामा बस्नुहुन्छ । दुईतर्फकै परिवारका कुरा मिलाउनुपऱ्यो,’ उनी भन्छिन्, ‘सायद अब चाँडै यसबारे निर्णय होला ।’

*-अनलाइन खबर डटकम*

# विपिनको तर्क- ‘सोचेको जस्तो रोल कहिल्यै पाइन्न’



अभिनयमा अब्बल मानिएका अभिनेता विपिन कार्की यतिबेला सफलताको उचाइँमा छन् । फिल्म व्यावसायिक रुपमा सफल होस् वा नहोस्, न उनको अभिनयको प्रशंसा हुन रोकिएको छ न त व्यस्तता घटेको छ । यस वर्ष फिल्म ‘पशुपति प्रसाद २’को छायांकन भ्याएका उनले आगामी भदौबाट फिल्म ‘ऊनको स्विटर’मा काम गर्दैछन् । उनको पाइनलाइनमा फिल्म ‘महाजात्रा’ पनि रहेको छ ।

प्रायः फिल्ममा फरक भूमिका निर्वाह गर्दै आफूलाई भर्सटायल अभिनेताको रुपमा चिनाएका विपिन कलाकारले सोचेको जस्तो रोल भने कहिल्यै नपाउने धारणा राख्छन् । आइतबार एक कार्यक्रममा उनले भने, ‘आफूले चाहेको र सोचेको जस्तो रोल कहाँ पाइन्छ र ! कलाकारले त अरुले दिएको रोलमा काम गर्ने हो । कि निर्देशन गर्नुपऱ्यो । आफूले चाहेको जस्तो रोल कहिल्यै पाइन्न होला ।’ निर्देशकको सोचलाई साकार बनाउने कोशिश आफ्नो रहने विपिनको भनाइ छ । उक्त कार्यक्रममा पत्रकारले ‘तपाईंको ड्रिम रोल कस्तो हो ?’ भनेर सोधेको प्रश्नमा उनले ठट्यौली शैलीमा भने, ‘अब मेरा आउने फिल्महरुमा काम गर्ने नै मेरो ड्रिम हो ।’ ‘ऊनको स्विटर’मा विपिनको जोडी अभिनेत्री मिरुना मगरसँग बाँधिएको छ । यस अगाडि उनीहरुले फिल्म ‘लालपूर्जा’मा काम गरेका थिए । एकपटक फेरि मिरुनासँग काम गर्नका लागि आफू उत्साहित रहेको विपिनले बताए । ‘हामीले ‘लालपूर्जा’मा सहकार्य गरेका थियौं । फिल्ममा हाम्रो एउटा सिनमा मात्र भेट भएको थियो । यद्यपि, त्यो फिल्मबाट चिनजान भयो । अहिले हामी एकसाथ आउँदा केही उल्लेखनीय हुन्छ जस्तो लाग्दैछ,’ कार्कीले भने । आर्टमाण्डुको निर्माण रहने ‘ऊनको स्विटर’लाई नवीन चौहानले निर्देशन गर्नेछन् ।

*-फिल्मी खबर डटकम*

# ‘जय हो’ फिल्मको पहिलो गीत सार्वजनिक



शोभित बस्नेतकको प्रस्तुतीमा निर्माण भएकको सिनेमा ‘जय हो’को पहिलो गीत सार्वजनिक गरिएको छ । सोमबार राजधानीमा आयोजित एक कार्यक्रमका बीच सिनेमामा समावेश ‘जोमसोमको डाँडैमा हिँउ खेल्न जाने कि’ बोलको गीत सार्वजनिक गरिएको हो । सार्वजनिक गीतमा शम्भुजित बास्कोटाको शब्द रचना तथा संगीत छ । गीतमा सुरेश लामा र अस्मिता अधिकारीको स्वर सुन्न सकिन्छ । कविराज गहतराजको कोरियोग्राफी रहेको गीतको अडियो तथा भिडियो पक्ष राम्रो छ ।

सार्वजनिक गीतको भिडियोमा सिनेमाका मुख्य कलाकार अर्पण थापा, सलोन बस्नेत, केकी अधिकारी, निशा अधिकारी र माओत्से गुरुङ फिचर्ड छन् । टेक पौरखी राईको निर्देशन निर्माण भएको सिनेमामा प्रेम पाण्डे, दिपा शाक्य श्रेष्ठ, सुबि मगर, सुमिन गुरुङ, सुशान्त श्रेष्ठ लगायतका कलाकारको पनि अभिनय रहेको छ । सिनेमामा सम्राट बस्नेत द्वन्द्व निर्देशन, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, बनिश शाहको सम्पादन, गौतम राज खड्काको सह-सम्पादन, समीर मियाँको भिएफएक्स र केबलमान सिङ बस्नेत प्रोडक्सन डिजाइनर रहेको सिनेमाका मुख्य सहायक निर्देशक दिप्तप्रकाश अधिकारी हुन् । मुस्ताङ र कास्कीका विभिन्न रमणीय स्थानमा खिचिएको सिनेमामा सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायांकन, शम्भुजित बाँस्कोटा र सागर आले मगरको संगीत छ । कमेडी, एक्सन र लभस्टोरीको समिश्रण रहेको सिनेमाका निर्माता राज के अधिकारी र सुरज सरकार हुन् । आगामी भाद्र ८ अर्थात् अगष्ट २५ बाट सिनेमा प्रदर्शनमा आउनेछ । सलोन सलिना फिल्म्सको व्यानरमा निर्माण भएको सिनेमाको सार्वजनिक पोस्टरले दर्शकबाट राम्रो प्रतिक्रिया पाएका थिए । पोस्टरले दर्शकमाझ बढाएको कौतूहल्ता सार्वजनिक टिजरले अझै बढाएको विश्वास निर्माण टिमलाई छ । सिनेमालाई उपत्यकामा डिसिएन तथा रिच इन्टरटेनमेन्ट र उपत्यका बाहिर एफडी कम्पनीले वितरण गर्दैछ ।

*-डिसी नेपाल डटकम*

# छायांकन अगावै फिल्म ‘हात्तीछाप’को लगानी सुरक्षित



सिमोस सुनुवारले निर्देशन गरिरहेको फिल्म ‘हात्तीछाप’को डिजिटल राइट्स बिक्री भएको छ । ओएसआर डिजिटलले फिल्मको नेपाली र हिन्दी संस्करणको डिजिटल राइट्स किनेको हो । मंगलबार निर्माता किरण नेपाली र ओएसआरका प्रमुख ओम अग्रवालबीच कागजी सम्झौता भएको छ । निर्माता नेपालीका अनुसार फिल्मको डिजिटल राइट्स महंगो रकममा बिक्री गरिएको छ । तर उनले बिक्री भएको रकम खुलाएका छैनन् ।

‘फिल्मको हिन्दी भाषाको डिजिटल राइट्स अब ओएसआरले जुन कम्पनीलाई पनि बेच्न पाउँछ । हामीले सोही अनुसार सम्झौता गरेका छौं,’ उनले भने । यो फिल्मको विदेशको प्रदर्शन अधिकार समेत बिक्री भइसकेको छ । डिजिटल राइट्स र विदेश प्रदर्शन अधिकार बिक्री भएसँगै फिल्मको लगानी सुरक्षित भएको निर्माता नेपालीले बताए । यो फिल्मको छायांकन सुरू भएको एक साता भयो । फिल्ममा दयाहाङ राई, सौगात मल्ल, उपासना सिंह ठकुरी, बेनिशा हमाल, बुद्धि तामाङ, विजय बराल, विल्सन बिक्रम राई, राजन खतिवडा, रविन्द्र झा, कमलमणी नेपाल, पुष्कर गुरुङ, प्रकाश घिमिरे, विनोद न्यौपाने, कविता आले, सुष्मा निरौलालगायत कलाकारको अभिनय छ । फिल्मलाई सुसन प्रजापतिले छायांकन गरिरहेका छन् । *-सेतोपाटी डटकम*

# मलमास सुरू, के–के गर्न हुँदैन ?




**पाल्पा,** साउन २/धर्मशास्त्रीय मान्यता अनुसार अशुद्ध महिना मानिने मलमास मंगलबारदेखि सुरु भएको छ । मलमासभर शुभकार्य गर्न नहुने धार्मिक मान्यता पनि छ । मलमास यही साउन ३१ गतेसम्म कायम रहने छ ।

ज्योतिषीय गणना अनुसार तीन सय ६५ दिनको वर्ष हुन्छ । वर्षमा सौर र चन्द्रमास हुन्छन् । दुवैलाई समन्वय गर्न ३२ महिना १९ दिन मा मलमास वा अधिकमास आउँछ । प्रत्येक ३२ महिना १९ दिनमा मलमास पर्ने गरेको तानसेनका ज्योतिष पण्डित होमनाथ न्यौपानेले बताए । सौर्यमान अन्तर्गत ३ सय ६५ दिनको एक वर्ष र चन्द्रमान अन्तर्गत ३ सय ५४ दिनको एक वर्ष हुने भएकाले प्रत्येक १२ महिनामा ११ दिनको अन्तर पर्ने उनले बताए । यसरी ३२ महिना १९ दिनपछि थपिने एक महिना अधिकमास अर्थात् मलमासका रुपमा रहने र किंवदन्ती अनुसार अन्य समयमा १२ महिनाको अधिपति अरुण, सूर्य, भानु नाममा सूर्य रहने तर अधिकमासको अधिपत्य सूर्यले स्वीकार नगरेका र यसको अधिपत्य स्वयम् भगवान् पुरुषोत्तमले स्वीकार गरेकाले यो महिनालाई पुरुषोत्तम महिना पनि भनिन्छ । एउटै महिनामा दुई वटा संक्रान्ति परेमा मलमास हुने गरेको पण्डित न्यौपानेले बताए । सबै मासका देवता हुन्छन् । मलमास महिनाको देवता नभएपछि मलमास रुँदै भगवान् श्रीकृष्णसँग पुगेर आफूलाई अशुभ मास भनी सबैले हेला गरेको गुनासो गरे । सो गुनासो सुनेर भगवान् श्रीकृष्णले नै मेरै नामबाट तिमीलाई अब सबैले चिन्नेछन् भनी पुरुषोत्तममासको नाम दिएको बताइन्छ । मलमासमा भगवान् कृष्णको पूजा, पुरुषोत्तम महात्म्य सुन्ने र दान गर्ने परम्परा छ । भगवान् कृष्णको पूजा आराधना गर्नाले सम्पूर्ण पाप नष्ट हुन्छन् भन्ने धर्मग्रन्थहरूमा उल्लेख छ । 'मलमासमा शुभकार्य गर्नुहुँदैन र यो कालमा साइत पनि हुँदैनन् । मलमासमा नित्य कर्म पूजा, पाठ, जप, ध्यान गर्नुहुन्छ । नित्य बसिरहेको व्रत गर्नुहुने विभिन्न शास्त्रमा वर्णन गरिएको छ । पहिल्यैदेखि गर्दै आएको व्रतलाई नियमितता दिन हुने तर नयाँ व्रतको सुरुवात गर्नु नहुने परम्परा छ । मलमासको समयमा महादान, माङ्गलिक कार्य अर्थात् विवाह, व्रतबन्ध, गृहनिर्माण, गृहप्रवेशजस्ता कर्म गर्न नहुने पण्डित न्यौपानेले बताए । उनले भने 'यो समयमा गर्भाधान गर्नुहुँदैन, पहिले नै गर्भ रहेको भए दोष लाग्दैन । नवविवाहित श्रीमान् श्रीमतीले मलमासलाई छल्नुपर्छ भन्ने परम्परा पनि गर्भाधान गर्नु हुँदैन भन्ने मान्यतामै आधारित रहेको छ ।'

# अङ्गदानमा लैङ्गिक विभेद ...

...हाम्रो मृत्युपछि डढेर र गलेर जाने अङ्गले अरुको जीवन बचाउन सकिन्छ । डा. श्रेष्ठका अनुसार नेपालमा बर्षेनी तीन हजार मानिसको मिर्गौलाले काम नगर्ने हुन्छ तर प्रत्यारोपण भने तीन सयको मात्रै भइरहेको छ । बाँकी २७ सयको प्रत्यारोपण जरुरी छ तर मिर्गौला छैन । अङ्गदान र प्रत्यारोपण बारेमा पर्याप्त सचेतना नहुँदा अङ्ग नपाएकै कारण ज्यान गुमाउनु पर्ने अवस्था सिर्जना भएको डा. श्रेष्ठको भनाइ छ । 'स्वस्थ व्यक्तिले पनि अङ्गगदान गर्न चाहँदैन, मृत व्यक्तिको अङ्ग निकाल्न परिवार र आफन्तले दिदैनन्', उनी भन्छन् । नेपालमा अहिलेसम्म झण्डै ११ सयको मिगौला प्रत्यारोपण गरिएको छ । प्रत्यारोपणका लागि अङ्गदान गर्नेहरु पनि सबै स्वस्थ छन् । मिर्गौला दान गर्ने व्यक्ति धेरै वर्ष बाँच्ने चिकित्सा विज्ञानले नै प्रमाणित गरेको डा. श्रेष्ठ बताउँछन् । कुनै पनि व्यक्तिको अङ्ग फेल भएमा दीर्घकालीन उपाय भनेको अर्को अङ्ग राख्ने हो । अङ्गप्रत्यारोपणको विकल्प छैन । मिर्गौलाको डायलाइसिस सेवा भएपनि प्रत्यारोपणको विकल्प होइन । 'डायलाइसिस गरेपछि प्रत्यारोपण गर्नु पर्दैन भन्ने भ्रम हामीमा छ तर डायलाइसिसले मानिसलाई केही समय बचाउने मात्र हो, पुनःस्थापना होइन', श्रेष्ठ भन्छन्, 'डायलाइसिस गरेर बस्नु भनेको सधैं बिरामी भइरहनु हो भने मिर्गौला प्रत्यारोपण रोग निको पारेर पहिलाको झैं तन्दुरुस्त हुनु हो, रोगमुक्त हुनु हो ।' नेपालमा एक वर्षमा झण्डै ३० हजार डायलाइसिस सेसन हुने गरेको छ । मधुमेह रोग नभएको, उच्च रक्तचाप (सुगर, प्रेसर) बढेर धेरै औषधी नखाएको, क्यान्सर र सरुवा रोग नलागेका मानिसले अ्गदान गर्न सक्छन् । १८ वर्षदेखि माथि ६५ वर्ष र स्वस्थ छ भने त्यो भन्दा पनि धेरै उमेर भएकाहरूले पनि अङ्गदान गर्न मिल्छ । नेपालमा मानव शरीरको अङ्ग प्रत्यारोपण ऐन २०५५ अनुसार स्वस्थ व्यक्तिले आफ्नो नजिकको नातेदारलाई अङ्ग दिन मिल्छ । नजिकका नातेदारले मात्र अङ्गदान गर्न पाउने प्रावधान भएकाले कानुन विपरीत मिर्गौला प्रत्यारोपण गर्नेलाई पाँच वर्ष कैद र पाँच लाख जरिवाना हुने प्रावधान रहेको छ ।

यस्तै मष्तिष्क मृत्यु भएकाहरूबाट प्राप्त भएको अङ्ग पनि प्रत्यारोपण हुने गरेको छ । तर नेपालको हकमा अङ्ग प्रत्यारेपणका लागि सबैभन्दा प्रभावकारी मस्तिष्क मृत्युपश्चातको अङ्ग दान भए पनि चेतना नहुँदा दान गर्न धेरैले कन्जुस्याइँ गर्ने गरेको शहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका डा. कल्पनाकुमारी श्रेष्ठले बताईन् । आँखादान जस्तो सहज अरु अङ्ग दान हुन नसकेको उनको भनाइ छ । नेपालमा अहिलेसम्म २७ सय बढीले मष्तिष्क मृत्युपश्चात अङ्गदान गरेका छन् भने २२ सय जनाले दान गर्ने घोषणा गरेका छन् । अङ्ग नपाएकै कारण ज्यान गुमाउनुपर्ने अवस्थाको अन्त्य गर्न अङ्गदानको महत्व र आवश्यकता सबै नागरिकलाई बुझाउन आवश्यक रहेको डा. श्रेष्ठले बताईन् । उनका अनुसार मस्तिष्क मृत्युपछिको अङ्गदान कुनैपनि व्यक्तिको मृत्यु अस्पतालको आइसियुमा भई मस्तिष्क मृत्यु घोषणा भएपछि मात्र सम्भव हुन्छ । घरमा मृत्यु भएको व्यक्तिको निर्धारित समयसम्म आँखादान मात्रै सम्भव हुन्छ । मस्तिष्क मृत्यु भएको व्यक्तिलाई चिकित्सा विज्ञानले पूर्णरुपमा मृत घोषित गर्छ । यस्तो अवस्थामा मृत व्यक्तिको नातेदारको सहमतिमा अङ्ग निकाल्ने काम हुन्छ । मस्तिष्क मृत्युको घोषणा ऐनले तोकेका योग्यता पुगेका चिकित्सकहरुमध्ये बिरामीको उपचारमा संलग्न चिकित्सकसहित कम्तिमा एकजना ऐस्थेलियोजिष्ट वा इन्टेसिसभस्ट रहेको टोलीबाट परीक्षण पछि मात्रै गरिन्छ । यस्ता चिकित्सकहरु प्रत्यारोपण कार्यमा संलग्न हुन पाउँदैनन् । यसरी चिकित्सा विशेषज्ञको टोलीले छ घण्टाको अन्तरालमा दुई पटक परीक्षण गरी सुनिश्चित भएपछि मात्रै मस्तिष्क मृत्युको घोषणा गर्ने डा.श्रेष्ठ बताइन् । 'अङ्गदान गर्ने घोषणा गरेको व्यक्तिको मृत्यु हुन्छ, आफन्त शोकमा हुन्छ, यस्तो अवस्थामा परिवार र आफन्तलाई अङ्गदानका लागि बुझाउन निकै संघर्ष गर्नुपर्छ, कतिपय ठाउँमा समस्या भोग्नुपरेको छ', उनी भन्छिन् । प्रत्यारोपण केन्द्रका अनुसार 'ब्रेन डेथ' भएकाहरूको शरीरबाट निकालिने मिर्गौला २४ घण्टासम्म प्रत्यारोपण गर्न मिल्छ । मुटु छ घण्टा, कलेजो १५ घण्टा, फोक्सो आठ घण्टा, सानो आन्द्रा १० घण्टाभित्र प्रत्यारोपण गरिसक्नुपर्ने हुन्छ । मृत्युपश्चात अङ्गदाताको शरीरबाट सावधानीपूर्वक अङ्ग निकालिने भएकाले शवमा कुनै पनि विकृति नदेखिने उनी बताउन्छिन् । मिर्गौला स्वस्थ राख्न हाम्रो आनिबानी परिवर्तन गर्नुपर्छ । हरेक दिन प्रशस्त पानी पिउने, उच्च रक्तचाप र शरीरको तौल नियन्त्रणमा राख्न, मद्यपान र धुम्रपान नगर्न, नियमित स्वास्थ्य परीक्षण गर्न र स्वास्थ्यप्रति सचेत रहन चिकित्सकको सुझाव छ । पहिले रक्तदान गर्नेको संख्या निकै कम थियो अहिले सचेतनाका कारण बढ्दै गएको छ । तीनै तहका सरकारले अङ्गदान नै जीवन दान हो भन्ने महत्व बुझाउन चेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## खेलकुद समाचार

# किरण आईएसएलका लागि पञ्जाबमा अनुबन्ध



**काठमाडौं,** साउन २/नेपाली राष्ट्रिय फुटबल टिमका कप्तान किरण चेम्जोङ थप एक वर्षका लागि पञ्जाव एफसी अनुबन्ध भएका छन् । भारतको दोस्रो श्रेणीको लिग आई लिग जिताउँदै शीर्ष श्रेणीको इन्डियन सुपर लिग (आईएसएल) मा बढुवा गराउन भूमिका खेलेका किरणलाई पञ्जावले थप एक वर्षका लागि अनुबन्ध गरेको छ ।

पञ्जावले किरणलाई २०२४ सम्मको लागि अनुबन्ध गरेको छ । नयाँ सिजनको आईएसएल २०२३ सेप्टेम्बरदेदिख २०२४ मार्च सम्म चल्नेछ । पञ्जाव एफसी आईएसएलका लागि बढुवा हुने पहिलो क्लब हो । यस पटक देखि आईएसएलमा कुल १२ टोलीले प्रतिस्पर्धा गर्नेछन् । किरण एसियन कोटामा पञ्जावमा अनुबन्ध भएका हुन् । आईएसएल खेल्ने टोलीले उसियन उकसहित ६ विदेशी खेलाडी टिममा राख्न पाउनेछ ।

आई लिगमा पञ्जावमा पहिलो रोजाइका लागि खेलेका किरणले आईएसएलमा पनि पहिलो रोजाइसँग खेल्ने सम्भावना छ । त्यो भएमा उनी आईएसएल खेल्ने दोस्रो नेपाली खेलाडी हुनेछन् । यसअघि गत सिजन नेपालका अनन्त तामाङले इस्ट बंगलाबाट आईएसएलमा एक खेल खेलेका थिए । किरण नेपालका लागि सर्वाधिक ८९ खेल खेल्ने खेलाडी हुन् ।

**वर्गिकृत डिस्प्ले**

*१ X ५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५–५२०६०१

## अर्थ/कर्पोरेट समाचार


# नेप्से परिसूचक उकालो यात्रामा



**पाल्पा,** साउन २/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक यो साता निरन्तर उकालो लागेको छ । सेयर कारोबार साताको पहिलो दिन आइतबार नेप्से परिसूचक १२ दशमलव १६ अंकले बढेर २ हजार ९७ दशमलव ९ विन्दुमा पुगेको थियो । दोस्रो दिन सोमबार नेप्से परिसूचक ४७ दशमलव ०७ अंकले बढेर २१ हजार ४४.१६ विन्दुमा पुगेको हो । यसैको निरन्तर स्वरुप मंगलबार पनि नेप्से उकालो यात्रामै छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक नौ दशमलव ९१ अंकले उकालो लागेर दुई हजार एक सय ५४ दशमलव शून्य सातमा पुगेको छ । ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव शून्य चार अंकले उकालो लागेर चार सय सात दशमलव एक तीनमा पुगेको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये छ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ भने सात उपसमूहको शेयर मूल्य उकालो लागेको छ । नेप्सेका अनुसार कूल ८६ लाख ७६ हजार चार सय ३८ कित्ता शेयर तीन अर्ब ५४ करोड ८८ लाख २९ हजार २९ मूल्य बराबरको कारोबार भएको छ । मंगलबारको कारोबारपछि बजार पूँजीकरण ३१ खर्ब ६५ अर्ब ४७ करोड ३२ लाख ४९ हजार चार सय ४३ बराबर पुगेको छ । कारोबारका आधारमा स्वावलम्बन लघुवित्त शीर्ष स्थानमा छ । सो कम्पनीको २१ करोड ७७ लाख ३९ हजार आठ सय ६३ बराबरको कारोबार भएको छ ।

नेप्सेका अनुसार शिवम् सिमेन्ट १७ करोड ९८ लाख ६१ हजार तीन सय चार, हिमालयन लाइफ इन्स्योरेन्स १५ करोड ६३ लाख ९० हजार तीन सय ३३, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स ११ करोड ६६ लाख ११ हजार र एशियन लाइफ इन्स्योरेन्स १० करोड २३ लाख ७१ हजार नौ सय ७३ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् । त्यस्तै, बीपीडब्ल्यू लघुवित्त र युनाइटेड अजोड इन्स्योरेन्सको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । शुभम् पावर आठ दशमलव ८९, युनिलिभर नेपाल आठ दशमलव ३९ र उपकार लघुवित्तका लगानीकर्ताले छ दशमलव ७८ प्रतिशतले कमाएका छन् । नेप्सेका अनुसार सानिमा लार्ज क्याप पाँच दशमलव १४, ग्लोबल आइएमई ब्यालेन्स फण्ड पहिलो चार दशमलव ६३, सिटिजन म्युचुअल फण्ड पहिलो चार दशमलव ११, सानिमा ग्रोथ फण्ड तीन दशमलव ९० र हिमालयन ऊर्जा विकास कम्पनीका लगानीकर्ताले तीन दशमलव ६५ प्रतिशतले गुमाएका छन् ।


तानसेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तानसेन, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

सहकारी संस्थाका ऋणी शेयर सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारेको सूचना

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई